**नेपाली / *NEPALI***

विषय: वसन्त सेमेस्टरको लागि नयाँ सुरक्षा नापहरू

*कुलपति Rebecca Blank को यस सन्देशमा समावेश छन्:*

- *क्याम्पस परीक्षणको नयाँ आवश्यकताहरू जनवरीमा शुरू*
- *नयाँ app, Safer Badgers*
- *क्याम्पस परिसर र सेवाहरूको पहुँच नियन्त्रण गर्न नयाँ ब्याजको प्रणाली*

आदरणीय संकाय र कर्मचारी,

शरद सेमेस्टर अन्त्य हुने क्रममा, *COVID-19* को कारणले भएको उथलपुथल र अनिश्चितता झेल्ने क्रममा तपाईंको लचिलोपना, समझदारी र आत्मबलका लागि म तपाईंहरू सबैलाई धन्यबाद दिन चाहन्छु। हामीले सँगै पार गरेका थुप्रै चुनौतिहरूले हामीलाई एक बलियो, झन हेरचाह गर्ने समुदाय बनाएका छन्।

अगाडि हेर्दा, खोपको समाचार धेरै उत्साहजनक छ। तर पनि हामीलाई थाहा छ कि विश्वव्यापी महामारी अझै सकिएको छैन — गएका केही हप्ताहरूमा मात्र भएका देशभरीका अस्पताल भर्ना र मृत्युको यसका विनाशकारी प्रभाव देखाएका छन्। त्यो कुरा विचार गर्दै, हामी वसन्त सेमेस्टरको बेलामा क्याम्पस समुदायको सुरक्षा बढाउन थप परीक्षण प्रोटोकलहरूमा काम गरिरहेका छौं।

यी नयाँ नापहरू, जसले परीक्षणको अवसर र बारम्बारता बढाउँदछन् र जुन क्याम्पस पहुँचसँग जोडिएका छन्, शरद सेमेस्टर भन्दा महत्त्वपूर्ण तरिकाले फरक बदल झल्काउँदछन्। क्याम्पस परिसर र सेवाहरू पाउन हालसालैको नेगेटिभ नतिजाको प्रमाण आवश्यक हुनेछ।

**अनिवार्य परीक्षण, अझै धेरै**

अनुसन्धानले देखाएका छन् कि मानिसहरू सङ्क्रमित हुन सक्दछन् र थाहा नपाई अरूलाई *COVID-19* फैलाउन सक्दछन्। हामीले पहिले घोषणा गरे जस्तै, थुकमा-आधारित, सही र तीव्र *PCR* परीक्षण जनवरीमा शुरू गर्न हामी *University of Illinois* प्रणालीको नियन्त्रित कम्पनी, *Shield T3* सँग साझेदारी गर्दैछौं।

**वसन्त सेमेस्टरमा क्याम्पस परिसरमा काम गर्ने संकाय र कर्मचारीहरूले नियमित रूपमा परीक्षण गर्न अनिवार्य हुनेछ।** कति पटक तपाईंले परीक्षण गर्नुपर्नेछ भ्हने कुरा तपाईंको क्याम्पसमा भूमिकाले निर्धारण गरिनेछ। क्याम्पसमा आउनु भन्दा कम्तिमा अघिल्लो आठ दिन (१९२ घण्टा) भित्र तपाईंको नेगेटिभ परीक्षण हुनुपर्नेछ।

हामी बुझेका छौं कि यसको लागि केही थप प्रयासको आवश्यक छ र अनुपालन गर्न सकेसम्म सजिलो बनाउन काम गर्दैछौं। क्याम्पसभरीको केन्द्रहरूमा हप्ताको सातै दिन, बिहान चाँडै र राती ढिलोसम्म परीक्षण उपलब्ध हुने हामी अपेक्षा गर्दछौं। *Appointment* प्रणालीले परीक्षणको समयलाई घटाउनेछ।

**जनवरी २५ देखि शुरू हुने गरी, कुनै पनि समयमा तपाईं क्याम्पस आउनुभयो भने, तपाईंले गएको ८ दिन (१९२ घण्टा) भित्रमा नेगेटिभ परीक्षणको नतिजा भएको हुनुपर्दछ।** यस वसन्त ऋतुमा तपाईं पहिलो पटक क्याम्पसमा आउनुभन्दा अघि, यो समय अवधिको बीचमा तपाईंको नेगेटिभ परीक्षणको नतिजा निश्चित हुने योजना बनाउन महत्त्वपूर्ण छ।

त्यसपछि, यदि तपाई हप्तामा कम्तिमा एक पटक आउनुहुन्छ भने, तपाईंको दिनको एक भागको रूपमा परीक्षण केन्द्रमा भ्रमण गर्नुहोस्। यदि तपाई कम्तिमा हप्तामा एक पटक क्याम्पसमा आउनुहुँदैन भने, कुनै पनि बेलामा क्याम्पसमा आउनु अघि गएको ८ दिन भित्र नेगेटिभ नतिजा आएको सुनिश्चित गर्नुहोला। वसन्त ऋतुमा क्याम्पस परिसर र सेवाहरू पाउन तपाईंले आफ्नो परीक्षणमा अद्यावधिक रहन आवश्यक छ।

यो आवश्यकता क्लिनिकल रोटेशनमा विद्यार्थी सहित *graduate* र पेशागत विद्यार्थीहरूलाई पनि लागु हुनेछ। म्याडिसन र वरीपरी बसोबास गर्ने सबै *undergraduate* विद्यार्थीहरूले हप्ताको दुई पटक परीक्षण गर्नुपर्नेछ, चाहे उनीहरू क्याम्पसमा निर्देशनको लागि वा क्याम्पस परिसरमा आउँदैछन्।

सम्भव भएसम्म क्याम्पस बैठकहरूको लागि लचिलो कामको व्यवस्था र घरैबाटको सहभागिताका विकल्पहरूलाई प्रोत्साहन गर्ने नीतिहरू हामी जारी राख्नेछौं।

***Safer Badgers app***

परीक्षण केन्द्रहरू खोज्न, परीक्षणहरूको समय बनाउन, चाँडै परीक्षणका नतिजाहरू पाउन, र थप स्वास्थय संसाधनहरूको पहुँच गर्न, सबैजनाले *Safer Badgers* भन्ने मोबाईल *app* चलाउनेछन्।

मध्य जनवरी भित्रमा यो *app* लाई डाउनलोड गर्न सकिनेछ। आवश्यक व्यक्तिहरूका लागि क्याम्पस ऋण कार्यक्रमले सीमित-प्रयोगका स्मार्टफोनहरू प्रदान गर्नेछ।

*Badger Badge* भनिने *Safer Badgers app* को एउटा स्क्रिन, क्याम्पस कार्यस्थलहरू र भवनहरूमा प्रवेशका लागि *virtual* पहुँच पासको रूपमा काम गर्नेछ जहाँ व्यक्तिगत वर्गहरू र अन्य व्यक्तिगत गतिविधिहरू सञ्चालन भइरहेका छन्।

स्क्रिनले कुनै पनि निजी स्वास्थ्य जानकारी देखाउँनेछैन - यसले केवल तपाई आफ्नो परीक्षणमा अप टु डेट हुनुहुन्छ कि हुनुहुँदैन देखाउँनेछ। भवन र क्याम्पस सेवा पहुँच निरिक्षण गर्ने तालिम प्राप्त कर्मचारीहरूले अनुरोध गरेमा तपाईंले आफ्नो *Badger Badge* देखाउनुपर्नेछ। *Safer Badgers* वेबसाईटले स्मार्टफोन नभएका व्यक्तिहरूलाई उनीहरूको भवन पहुँचको स्थिति प्रिन्ट गर्ने अनुमति दिनेछ।

यस *app* तपाईंलाई आफ्नो अनिवार्य परीक्षणको ट्र्याक गर्न सहयोग गर्नको लागि बनाइएको हो। यसले *COVID-19* पोजिटिभ देखिएका कुनै सहभागी *app* प्रयोगकर्ता नजिक भएमा कुनैपनि प्रयोगकर्तालाई गोपनीय, सुरक्षित सूचनाहरू पनि प्रदान गर्दछ। शुरूमा नजिकतालाई २ घण्टा भित्र ६ देखि १० फिटको दूरीमा राखिन्छ।

परीक्षणलाई बढाएर क्याम्पस पहुँचलाई यस परीक्षणसँग जोडेर, हामी रोग सङ्क्रमणमा थप बलियो रोकथाम गर्नेछौं। तर, बलियो, बढाइएको परीक्षणले हामीलाई परसम्म मात्र पुऱ्याउन सक्दछ। हाम्रो क्याम्पस समुदायका सबैले अरू स्वास्थ्य प्रोटोकलहरू जारी राख्न आवश्यक छ: मास्क वा अरू अनुहार ढाक्ने चीज लगाउनुहोस्, भौतिक दूरी कायम राख्नुहोस्, सँगै नबस्ने मान्छेहरूसँग भेटघाट नगर्नुहोस् र आफ्नो हात बारम्बार धुनुहोस्। हाम्रो क्याम्पसको स्वास्थ्य र सुरक्षामा तपाईंले लिनुहुने कदमहरूले धेरै राम्रो प्रभाव पार्नेछन्।

**थप जानकारीको लागि ध्यान दिनुहोला**
जसरी हामी जाडोको बिदा नजिक पुग्दैछौं, क्याम्पसभरी विभिन्न टोलीहरूले यी बढाइएका नापहरू तयार गरीरहेका छन्। आउने हप्ताहरूमा, हामीले ईमेल र *COVID-19 Response* वेबसाईटको नयाँ भाग मार्फत अझ धेरै विवरणहरू बाँड्नेछौं।

वास्तवमा, हामी सम्भवतः यी नयाँ उपायहरूको कारण जाडो बिदामा तपाईंहरूसँग अझै बढी कुराकानी गर्न आवश्यक पर्न सक्नेछ। यो सन्देशहरूमा तपाईंको ध्यान र तपाईंको धैर्यता र समझदारीको लागि अग्रिम धन्यवाद।

Rebecca Blank
कुलपति, *University of Wisconsin–Madison*